# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# आर्थिक वर्ष २०८२/८३ को
# अर्धवार्षिक प्रगति विवरण

## मन्त्रालयको संगठनात्मक ढाँचा सहितको संछिप्त परिचय

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको स्थापना राष्ट्रिय लोकमार्ग, राष्ट्रिय रेलमार्ग, जलमार्ग लगायत देशका प्रमुख भौतिक पूर्वाधारहरुको विकास गर्ने उद्देश्यले भएको हो। यस मन्त्रालयले राष्ट्रिय यातायात विकास र सडक सुरक्षा सम्बन्धी काम पनि गर्दछ ।भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय नेपाल सरकारको एक महत्वपूर्ण मन्त्रालय हो ।यस मन्त्रालयले देशका विभिन्न भौगोलिक क्षेत्रहरुलाई राष्ट्रिय यातायात सञ्जाल मार्फत जोडेर देशको आर्थिक र सामाजिक विकासलाई अभिवृद्धि गर्ने जिम्मेवारी लिएको छ । राष्ट्रिय यातायात, राष्ट्रिय रेलमार्ग, सहरी मेट्रो, राष्ट्रिय लोकमार्ग, जलमार्ग, फ्लाईओभर जस्ता भौतिक पूर्वाधारहरूको विकाससम्बन्धी योजना, नीति तथा कार्यक्रम तयार गर्नु, र यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र निरीक्षण जस्ता कार्यहरु गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ ।यस मन्त्रालयले वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रवर्द्धन गर्नुका साथै सडक प्रविधिको विकास सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने काम पनि गर्दछ । यस मन्त्रालय अन्तर्गत सडक विभाग, रेल विभाग, यातायात व्यवस्था विभाग र नेपाल पानीजहाज कार्यालय रहेका छन् । यस मन्त्रालयले विगत देखि विभिन्न राष्ट्रिय राजमार्ग (पूर्व-पश्चिम तथा उत्तर-दक्षिण), पूर्व-पश्चिम रेलमार्ग, राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयन लगायत सार्वजनिक यातायात व्यवश्थापनका क्षेत्रमा महत्वपूर्ण कार्यहरु गर्दै आउनुका साथै क्षेत्रगत कानून, नीति, रणनीतिहरुको निर्माण तथा कार्यान्वयन समेत गर्दै आएको छ ।

## क्षेत्राधिकार तथा कार्यान्वयन गर्ने कानून/ क्षत्रगत नीति

नेपालमा भौतिक पूर्वाधार र यातायातसँग सम्बन्धित विभिन्न कानूनी व्यवस्था छन्, जसको मद्दतले यस मन्त्रालयका योजनाहरू कार्यान्वयनमा ल्याइन्छ। यी कानूनी प्रावधानहरूले प्राविधिक, वित्तीय र प्रशासनिक पक्षमा मार्गदर्शन र दायित्व निर्धारण गर्छन्। मुख्य कानूनी प्रावधानहरू निम्नलिखित छन्:

१. राष्ट्रिय यातायात नीति, २०५८
२. सार्वजनिक सडक ऐन, २०३१
३. वातावरण संरक्षण ऐन २०५३
४. सडक वोर्ड ऐन २०५८
५. सार्वजनिक खरिद ऐन २०६३
६. शहरी-क्षेत्र-सार्वजनिक-यातायात-व्यवस्थापन-प्राधिकरण-ऐन-२०७९
७. नेपाल-रेल्वे-ऐन-२०७९
८. सवारी तथा यातायात व्यवस्था ऐन २०४९

## विगत पाँच वर्षमा कार्यान्वयन भएका उल्लेखनीय परियोजना/ कार्यक्रमको विवरण

१. नागढुङ्गा सुरुङ्गमार्ग निर्माण आयोजना (Nagdhunga Tunnel Construction Project)

२. सिद्धबाबा सुरुङ्गमार्ग आयोजना (Siddhababa Tunnel Project)

३. नारायणगढ-बुटवल सडक स्तरोन्नति (SASEC Roads Improvement Project – Narayangadh-Butwal)

४. Strategic Road Connectivity and Trade Improvement Project (SRCTIP) – विश्व बैंक सहयोग

५. पुल क्षेत्र सुधार/मर्मत कार्यक्रम (जस्तै Bridge Improvement and Maintenance Program – BIMP)

६. हुलाकी राजमार्ग/पुष्पलाल (मध्यपहाडी) राजमार्ग/मदन भण्डारी राजमार्ग अन्तर्गतका सडक खण्डहरूको निर्माण

## कार्यान्वयनमा रहेको रणनीतिक योजना/कार्यक्रमको प्रगति विवरण

१. १६औं आवधिक योजनामा यातायात पूर्वाधार विकास सम्बन्धमा आधुनिक र नवीन प्रविधियुक्त सडक, पुल, सुरुङ्ग, फ्लाईओभर, अन्डरपास, वैकल्पिक यातायात लगायतका संरचना विस्तार गर्ने रणनीति उल्लेख गरिएको र सडक विभागको मिशन/अन्तिम उद्देश्य (End Goal) "कुल यातायात खर्च न्यूनतम राख्ने" भन्ने उल्लेख भएको

२. १६औं योजनामा पूर्वाधार विकाससँग आर्थिक लाभलाई वस्तुनिष्ठ रूपमा जोड्न सडक गुणस्तरमा प्राथमिकता दिंदै लागत, समय र दूरी घटाउन नीतिगत, कानूनी र संरचनागत सुधार गर्ने रणनीति लिईएको

३. १६औं आवधिक योजनामा उल्लिखित लक्ष्य हासिल गर्न निरन्तर कार्य भईरहेको

## विगत पाँच वर्षमा भएको वित्तीय प्रगति

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७८।७९ | ९८८४३०२ | १४६८०२२०५ | १५६६८६५०७ | ९०२७७२१ | ८५२४८१५५ | ९४२७५८७६ | ९१.३३ | ५८.०७ | ६०.१७ |
| २०७९।८ | ९८५३५५९ | १५९०२३२६२ | १६८८७६८२१ | ९२२१८७३ | १०३०३४५७४ | ११२२५६४४७ | ९३.५९ | ६६.७९ | ६६.४७ |
| २०८०।८१ | ६८४५७६९ | १२९०७०२५४.१ | १३५९१६०२३ | ६०८०६११ | ९४५२७०१४ | १००६०७६२५ | ८८.८२ | ७३.२४ | ७४.०२ |
| २०८१।८२ | ७४९०५५५।०९ | १४४४१८३५६.७ | १५१९०८९१२ | ६९४४७२८ | ११०२३३३२० | ११७१७८०४८ | ९२.७१ | ७६.३३ | ७७.१४ |
| २०८२।८३ **अर्धवार्षिक** | ७५०००३०।११ | १४४२८३१०० | १५१७८३१३० | २२७२०८१ | २४३३७१२८ | २६६०९२०९ | ३०.२९ | १६.८७ | १७.५३ |

## चालु आर्थिक वर्षको प्रगति विवरण रकम

रु.लाखमा

| शिर्षक | आ.व २०८२।८३ को कुल विनियोजित बजेट | चालु आ.व.को पौष सम्मको खर्च | पौष महिना सम्मको प्रगति प्रतिशत | गत आ.व.को सोहि अवधिको तुलनामा यस आ.व.को खर्च प्रतिशत | कार्यान्वयनमा रहेका/ सम्पन्न भएका मूख्य मुख्य कार्यक्रमहरु | कार्यान्वयनमा समस्या देखिएका मूख्य मूख्य कार्यक्रमहरु | समस्याका कारणहरु | २०८३ असार सम्मको खर्चको संशोधित अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सडक विभाग | | | |
| चालु (समग्र मन्त्रालय को) | ७५०००.३ | २२७२०. ८१ | ३०.२ ९% | गत आ.व. भन्दा १५.३३ घटी | १. ४ लेन वा सो भन्दा बढी लेनका कालोपत्रे सडक- करिब ८ कि.मि., २. हुलाकी राजमार्ग २६.५ कि.मि., पुष्पलाल (मध्य पहाडी) राजमार्ग ११ कि.मि., उत्तर दक्षिण आयोजना अन्तर्गत १० कि.मि., मदन भण्डारी राजमार्ग ६.६ कि.मि. पूर्व-पश्चिम राजमार्ग ५ कि.मि., सडक सुधार आयोजना ५ कि.मि. लगायत - १६० कि.मि. सडक २ लेनमा कालोपत्रे भएको एवं १० वटा पुल निर्माण सम्पन्न भएको, ३. निर्माण व्यवसायीको कारण २३५ वटा ठेक्काहरु रुग्ण रहेकामा ३६ वटा ठेक्काहरु तोडिएको र बाँकी प्रकृयामा रहेको, ४. Geographical, Topographical, Road Class, Administrative Importance, Built- Up Area लगायत अन्य आवश्यक विषयहरु अध्ययन गरी राष्ट्रिय राजमार्गहरुको सडक सीमा (ROW) निर्धारण | * वन तथा वातावरणीय कानुन र विकास बीचको तादात्म्यताः EIA अध्ययन सहमति प्राप्तमा ढिलाई, वन क्षेत्रको जग्गा प्रयोग र रूख कटान सम्बन्धी प्रचलित कानुनका कारण आयोजनाहरूमा भइरहेको ढिलाइ। * गिट्टी, बालुवा र ढुङ्गा जस्ता निर्माण सामग्रीको प्राप्ति मा समस्या जसकारण आयोजनाहरूमा ढिलाइ र लागत वृद्धि भैरहेको * श्रोत तथा बहुबर्षीय ठेक्का सहमति * मध्यस्थ ऐन, २०५५ बमोजिम उच्च अदालतबाट निर्णय भईसकेको दावी भुक्तानी उपर श्री अर्थ मन्त्रालयको च.नं. | * वन ऐन र नियमावलीमा प्रक्रियागत झमेला, * स्थानीय तह वाट ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन, विक्री र व्यवस्थापन मापदण्ड २०७७ को पूर्ण परिपालन नभएको साथै एक आ. व. को खरिद प्रक्रियामा ढिला सुस्ती, * बहुबर्षीय ठेक्का सहमति गर्दा खण्ड खण्ड गर्नुपर्ने देखिन्छ * Traffic Safety को लागि अनिवार्य वार्षिक बजेट विनियोजन गरी व्यवस्थापन नभएको; NRSC Act पारित नभएको; RSAP स्वीकृत भएको, Road Safety Audit लाई प्रभावकारी कार्यान्वयन | विनियोजित बजेट खर्च गर्ने लक्ष्य रहेको । |

| शिर्षक | आ.व २०८२।८ ३ को कुल विनियोजित बजेट | चालु आ.व.को पौष सम्मको खर्च | पौष महिना सम्मको प्रगति प्रतिशत | गत आ.व.को सोहि अवधिको तुलनामा यस आ.व.को खर्च प्रतिशत | कार्यान्वयनमा रहेका/ सम्पन्न भएका मूख्य मूख्य कार्यक्रमहरु | कार्यान्वयनमा समस्या देखिएका मूख्य मूख्य कार्यक्रमहरु | समस्याका कारणहरु | २०८३ असार सम्मको खर्चको संशोधित अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | गर्ने Criteria सहितको Guideline बनाउन परामर्श सेवा खरिदको लागि खरिद प्रकिया अघि बढेको,<br>५. नागढुंगा सुरुङ्ग मार्गको संचालनको लागि सेवा खरिद गर्ने सम्बन्धी बोलपत्रको सूचना प्रकाशित भएको,<br>६. नारायणी नदीमा Signature Bridge निर्माण गर्न Design स्वीकृत भई निर्माण कार्य शुरु भएको साथै तिनाऊ नदीमा Signature Bridge निर्माण गर्न बोलपत्रको सूचना प्रकाशित भएको,<br>७. पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बाग्मती-पथलैया खण्डको निर्माण गर्न अन्तराष्ट्रिय बोलपत्रको सूचना प्रकाशित भएको,<br>८. ग्राभेल सडक करिब ३५ कि.मि. र नयाँ ट्र्याक ३० कि.मि. का साथै आवधिक मर्मत तर्फ १५ कि.मि. सडक मर्मत भएको,<br>९. DoR Strategy, 1995 अध्यावधिक गर्ने कार्य अगाडी बढेको, | ३६८, मिति २०८०/०९/१२ को परिपत्र बमोजिम सर्वोच्च अदालतमा भ्याकेटमा जानु पर्ने भए जाने र अन्तिम फैसला पश्चात मात्र बजेट व्यवस्थापन माग गर्नु भनी लेखी आएको तर मध्यस्थ ऐन, २०५५ बमोजिम सर्वोच्च अदालत जाने प्रावधान नरहेको र सर्वोच्च अदालतको प्रक्रिया अन्त पश्चात भुक्तानी गर्दा ब्याज रकमको थप आर्थिक दायित्व बढिरहेको<br>* सडक सुरक्षामा बजेट तथा Road Safety audit सम्बन्धमा<br>* विष्फोटक पदार्थको प्रयोग गरी सडक निर्माण गर्नु पर्ने अवस्थामा त्यस्ता विष्फोटक पदार्थको भण्डारण, ओसारपसार तथा प्रयोग गर्दा अनिवार्य रुपमा नेपाली सेनाको मातहतमा मात्र कार्य हुने व्यवस्था अत्यन्त लामो | नभएको<br>* नेपाल प्रहरीको सुरक्षामा समेत विष्फोटक पदार्थको प्रयोग गर्न सकिने गरी आवश्यक व्यवस्था नरहेको<br>* तोडिएको ठेक्कामा पुनः श्रोत सहमति लिन पर्ने ,<br>* Weighing Machine (धर्मकाँटा) Installation गरी axle load नियन्त्रण प्रयास नरहेको, | |

| शिर्षक | आ.व २०८२।८३ को कुल विनियोजित बजेट | चालु आ.व.को पौष सम्मको खर्च | पौष महिना सम्मको प्रगति प्रतिशत | गत आ.व.को सोहि अवधिको तुलनामा यस आ.व.को खर्च प्रतिशत | कार्यान्वयनमा रहेका/ सम्पन्न भएका मूख्य मूख्य कार्यक्रमहरु | कार्यान्वयनमा समस्या देखिएका मूख्य मूख्य कार्यक्रमहरु | समस्याका कारणहरु | २०८३ असार सम्मको खर्चको संशोधित अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनि झन्झटिलो हुने गरेको। <br>* तोडिएका ठेक्काको पुनः ठेक्का व्यवस्थापन सम्बन्धमा <br>* विभिन्न सडकहरुमा जस्तै विरगंज-पथलैया-अम्लेखगंज, घोराही-होलेरी, कोशी राजमार्ग लगायतका सडकहरुमा Design Axle Load भन्दा बढी भार बोकेका मालबाहक गाडीहरु (Cement Factory Tippers, trailers carrying hydropower related equipment) नियन्त्रण हुन नसक्दा अपेक्षित समय अगावै सडकको अवस्था जिर्ण बनेको । | | |
| | | | | | यातायत व्यवस्था विभाग | | | |
| पूँजिगत (समग्र मन्त्रालय को) | १४४२८३१ | २४३३७१.२८ | १६.८६% | गत आ.व. भन्दा ५.५४% ले घटी | * क्षतिग्रस्त विभागको संरचनामा विद्युतीय वायरिङ, मेशिनरी तथा औजार मर्मत सम्भार एवं सञ्चालन, खानेपानी संरचना पुनर्निर्माण लगायतका चालु प्रकृतिका कार्य गरिएको। | * मर्मत सम्भार तथा कार्यालय मसलन्दका लागि बजेट अभाव भएको | * भाद्र २३ र २४ गते भएको प्रदर्शनको क्रममा आगजनी तथा तोडफोडका कारण विभागीय संरचनामा क्षति पुगेको कारण मर्मत सम्भार तथा चालु प्रकृति खर्च बढ्न गएको। | ३४१.२५ |

| शिर्षक | आ.व २०८२।८ ३ को कुल विनियोजित बजेट | चालु आ.व.को पौष सम्मको खर्च | पौष महिना सम्मको प्रगति प्रतिशत | गत आ.व.को सोहि अवधिको तुलनामा यस आ.व.को खर्च प्रतिशत | कार्यान्वयनमा रहेका/ सम्पन्न भएका मूख्य मूख्य कार्यक्रमहरु | कार्यान्वयनमा समस्या देखिएका मूख्य मूख्य कार्यक्रमहरु | समस्याका कारणहरु | २०८३ असार सम्मको खर्चको संशोधित अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | *चालु आर्थिक वर्ष २०८२/0८३ को श्रावण देखि पौष मसान्तसम्म ईम्बोस्ड नम्बर प्लेट 87014 थान उत्पादन र 5186 थान डेलिभरी गरिएको चालु आ.व. २०८2/083 को अर्धवार्षिक अवधिमा 18065 अठार हजार पैसट्टी) स्मार्ट कार्ड प्रिन्ट गरी वितरण गरिएको । | | *भाद्र २३ र २४ गते भएको प्रदर्शनको क्रममा आगजनी तथा तोडफोडका कारण विभागीय संरचना, मास प्रिन्टर तथा इम्बोस्ड नम्बर प्लेट उत्पादनमा मा क्षति पुगेको कारण हाल विभागबाट अनुमतिपत्र र इम्बोस्ड नम्बर प्लेट छपाइ तथा उत्पादन कार्य बन्द भएको। | २२५८.०८ |
| | | | | | *जलेर क्षतिग्रस्त विभागको भवन तथा संरचनाको निर्माण कार्य भइरहेको। सुरक्षण मुद्रण केन्द्रसँग MOU गरी केन्द्रबाट तयारीसहितको क्युआर कोडमा आधारित सवारी चालक अनुमतिपत्र छपाइ भई वितरण गरिएको (हालसम्म 15049 थान छपाइ सम्पन्न भएको) | | *भाद्र २३ र २४ गते भएको प्रदर्शनको क्रममा आगजनी तथा तोडफोडका कारण विभागीय संरचना तथा डाटा सेन्टरमा पूर्ण क्षति पुगेको कारण र अर्थ मन्त्रालयबाट समयमा O&M स्वीकृति प्राप्त हुन नसकेको। | ११३६०.१० |
| | | | | | *प्रदुषण अभिमुखीकरण एवं जनचेतना अभिवृद्धि कार्यक्रम, इम्बोस्ड नम्बर प्लेट जडान कार्यलाई थप प्रभाबकारी बनाउन सरोकारवालाहरु सँगको कार्यशाला तथा अभिमुखिकरण कार्यक्रम, राजमार्ग | | *प्रदेशस्थित यातायात व्यवस्था कार्यालयहरुसँगको कार्यक्षेत्रगत दोहोरोपना। | ६१७.४२ |

| शिर्षक | आ.व २०८२।८३ को कुल विनियोजित बजेट | चालु आ.व.को पौष सम्मको खर्च | पौष महिना सम्मको प्रगति प्रतिशत | गत आ.व.को सोहि अवधिको तुलनामा यस आ.व.को खर्च प्रतिशत | कार्यान्वयनमा रहेका/ सम्पन्न भएका मूख्य मूख्य कार्यक्रमहरु | कार्यान्वयनमा समस्या देखिएका मूख्य मूख्य कार्यक्रमहरु | समस्याका कारणहरु | २०८३ असार सम्मको खर्चको संशोधित अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सुरक्षाा तथा ट्राफिक कार्यालयको समन्वयमा अन्तरप्रदेश सार्वजनिक यातायात सवारी जाँच अनुगमन निरीक्षण सम्बन्धी कार्यहरू गरिएको। | | | |
| **जम्मा (समग्र मन्त्रालय को)** | १५१७८३१.३ | २६६०९२.१ | १७.५३% | **गत आ.व. भन्दा ६.०३% ले घटी** | *प्रदुषण जाँच तथा न्यूनीकरण सम्बन्धी मेशिकन तथा उपकरण खरिद,सवारी चेकजाँच सम्बन्धी पोर्टेवल उपकरणहरु खरिद ( Speed Gun, Inspection Camera) खरिद कार्य गरिएको। | | | १२३.२० |

## वैदेशिक सहायता अन्तर्गत संचालित आयोजनाको खर्च एवं शोधभर्नाको स्थिति

रु.हजारमा

| आयोजनाको नाम | चालु आ.व मा विनियोजित बजेट (रु.) | समिक्षा अवधिमा भएको खर्च (रु.) | स्रोतको प्रकार |
|---|---|---|---|
| | जम्मा | जम्मा | |
| ३३७०११०२ बी.पी. राजमार्ग (सुर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली- बर्दिवास सडक आयोजना) | ५०००० | ० | ३२ सोझै भुक्तानी अनुदान |
| ३३७०११०८ मदन भण्डारी राजमार्ग (बाहुनडाँगी देखि रुपाल सम्म) | ७४०००० | ७३७७५१.९१५ | ४१ नगद ऋण |
| ३३७०११०९ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | २०००००० | ० | ३२ सोझै भुक्तानी अनुदान |
| ३३७०१११ सडक सुधार आयोजना | ९०००० | ३८५७२.६५६ | ४१ नगद ऋण |
| ३३७०१११ सडक सुधार आयोजना | १७५७७०० | १७६८३.०४२ | ४२ सोझै भुक्तानी ऋण |
| ३३७०१११८ उत्तर दक्षिण राजमार्ग ढकर्णाली, कालीगण्डकी र कोशी) | ८०२००० | १४४०२५.७६२ | ४१ नगद ऋण |
| ३३७०११३२ रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | १९२०० | ० | ४२ सोझै भुक्तानी ऋण |
| ३३७०११३२ रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ० | ० | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११३२ रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ३११०० | २८८१.८५५३७ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११३२ रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | २९४६८०० | ६४६२६६।०७३ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११३४ चक्रपथ विस्तार आयोजना | ११३५००० | ० | ३२ सोझै भुक्तानी अनुदान |
| ३३७०११३८ राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रम | ७०००० | ३००८१७.७२३ | ४१ नगद ऋण |
| ३३७०११३९ नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना | ६०००० | ० | ४२ सोझै भुक्तानी ऋण |

| आयोजनाको नाम | चालु आ.व मा विनियोजित बजेट (रु.) | समिक्षा अवधिमा भएको खर्च (रु.) | स्रोतको प्रकार |
|---|---|---|---|
| | जम्मा | जम्मा | |
| ३३७०११३९ नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना | ९००००० | ३४२३१४.१२ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११४० सासेक सडक सुधार आयोजना | ३८५३३२५ | ४२५८३५.६३ | ४२ सोझै भुक्तानी ऋण |
| ३३७०११४० सासेक सडक सुधार आयोजना | ८४०३४७ | ३५८८१४.८३५ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११४५ सासेक राजमार्ग सुधार आयोजना | ३३१२१९६ | ३४१५५३.४४९ | ४२ सोझै भुक्तानी ऋण |
| ३३७०११४५ सासेक राजमार्ग सुधार आयोजना | ८३७८९२ | ८५१६.५२४७६ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११६७ क्षेत्रीय ब्यापारिक मार्ग विस्तार आयोजना | १३०८७३०० | १६४२८६७.८ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११६९ बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | १६५७४२८० | १९८४२४४.२६ | ४१ नगद ऋण |
| ३३७०११७० सासेक मुग्लिङ - पोखरा सडक योजना | ३४२०२९० | ३५४१५५.४२४ | ४२ सोझै भुक्तानी ऋण |
| ३३७०११७० सासेक मुग्लिङ - पोखरा सडक योजना | ५४३१८० | १०५५२.९९४ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११७१ काकरभिट्टा इनरुवा, पथलैया नारायणघाट खण्ड | ८३६९०९८ | १२८६३७२.०९ | ४२ सोझै भुक्तानी ऋण |
| ३३७०११७१ काकरभिट्टा इनरुवा, पथलैया नारायणघाट खण्ड | १६१२७३६ | १२८६४१.१६१ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११७२ मिर्चैया कटारी घुर्मी | ९२६२०० | ४१७१८.०५२१ | ४१ नगद ऋण |
| ३३७०११७६ निर्वाचन क्षेत्र रणनैतिक सडक | ६७०२० | ८०९९.९९९ | ४१ नगद ऋण |
| ३३७०११७८ पूर्व दक्षिण एसियाको यातायात तथा व्यापार आबद्धता अभिवृद्धि कार्यक्रम | ४७००१०० | १०५३९६०.६१ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११८० तेस्रो पुल सुधार तथा संभार आयोजना (BIMP-III) | २५०००० | ५६०८.२५३८९ | ४३ शोधभर्ना हुने ऋण |
| ३३७०११८४ सिद्धार्थ राजामार्ग-ल्ज(४७ ढवेलहिया-भैरहवा-बुटवल-वर्तुङ्ग-राम्दी-स्याङ्जा-पोखरा) स्तरोन्नती | २००००० | ० | ४१ नगद ऋण |

| आयोजनाको नाम | चालु आ.व मा विनियोजित बजेट (रु.) | समिक्षा अवधिमा भएको खर्च (रु.) | स्रोतको प्रकार |
|---|---|---|---|
| | जम्मा | जम्मा | |
| जम्मा | ७०८१५७६४ | ९८८१२५४.२ | |

## बजेटको प्रभावकारी कार्यान्वयनका लागि बाँकी अवधिमा अवलम्बन गरिने सुधारका खाका

क. सडकः चालु आ.व. मा खर्च गर्न नसकिने बजेटको अनुमान तेश्रो त्रैमासिक भित्रै गरी समर्पण गर्ने/बजेटको कमी भएका योजनाहरूमा रकमान्तर प्रस्ताव गर्ने

ख. सडकः जेन-जी आन्दोलन पछी सुस्त भएको ठेक्का व्यवस्थापन प्रक्रिया तथा निर्माण व्यवसायीको कार्यप्रगतिलाई द्रुत रूपमा अगाडी बढाउने

ग. यातायातः हालसम्मका कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुमगमन शाखाबाट अनुगमन तथा विभागीय प्रमुखबाट सुपरिवेक्षण गरिने

घ. यातायातः विभागद्वारा स्वीकृत वार्षिक कार्ययोजना समयसारिणी बनाइ कार्यान्वयन गरिने

ङ. यातायातः विभागका शाखा प्रमुख, सवारी परीक्षण कार्यालयहरु र जिम्मेवार कर्मचारलाई बजेट कार्यान्वयनमा थप जिम्मेवार र उत्तरदायी बनाइने

च. यातायातः कार्यक्रमहरूको प्राथमिकीकरण गरी कार्यान्वयन गरिने र खर्चमा मितव्यायिता र प्रभावकारिता वृद्धि गरिने

## मन्त्रालयबाट चालु आ.व.को नीति तथा कार्यक्रम र बजेटमा तोकिएका कार्यक्रमहरुको बुँदागत प्रगति विवरण

| नीति बुदा न. | बजेट बुदा न. | क्रियाकलाप | माइल्स्टोन | लक्षित महिनाहरू | इकाई | प्रगति |
|---|---|---|---|---|---|---|
| सडक यातायात तर्फ | | | | | | |
| P100P101P103 | B246B250 | लौकही-काकरभिट्टा सडक खण्ड (९५ कि. मि) ४ लेनमा स्तरोन्नति गर्ने कार्य | ९५ कि.मि. सडक ४ लेन मा स्तरोन्नति गर्ने कार्य मध्ये ६० कि.मि. सडकमा सबबेस गर्ने कार्य सम्पन्न भएको हुने । | असोज(४), कार्तिक(८), मङ्सिर(१४), पुस(२०), माघ(२४), फागुन(३२), चैत्र(४०), बैशाख(४८), जेठ(५४), असार(६०) | कि.मी. | पुष मसान्त सम्मको लक्ष्य अनुसार २० कि.मी सब बेस निर्माण पुरा भएको |
| | | | २५ वटा पुलको सबस्ट्रक्चर निर्माण कार्य सम्पन्न भएको हुने । | कार्तिक(२), मङ्सिर(५), पुस(८), माघ(११), फागुन(१४), चैत्र(१७), बैशाख(२०), जेठ(२३), असार(२५) | संख्या | पुष मसान्त सम्मको लक्ष्य अनुसार ८ वटा पुलको सब स्ट्रक्चर निर्माण पुरा भएको |
| | | | ५ वटा पुलको सुपर स्ट्रक्चर निर्माण कार्य सम्पन्न भएको हुने । | पुस(१), माघ(२), फागुन(३), चैत्र(४), बैशाख(५) | संख्या | पुष मसान्त सम्मको लक्ष्य अनुसार १ वटा super |

| नीति बुदा न. | बजेट बुदा न. | क्रियाकलाप | माइल्स्टोन | लक्षित महिनाहरू | इकाई | प्रगति |
|---|---|---|---|---|---|---|
| | | | | | | structure निर्माण पुरा भएको छ |
| P100P101P103 | B246B250 | कमला - ढल्केबर - पथलैया खण्ड ४ लेनमा स्तरोन्नति गर्ने कार्य | ७७ कि.मि. सडक ४ लेनमा स्तरोन्नति गर्ने कार्य मध्ये ४० कि.मि. Embankment Filling कार्य सम्पन्न भएको हुने । | मंसिर(१२), पुस(१६) | पटक | पुष महिना सम्ममा १६ कि.मि. Embankment Filling कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म १२ कि.मि. खण्डमा Embankment Filling भर्ने कार्य भएको। |
| P100P101P103 | B246B250 | नारायणघाट-बुटवल खण्ड (११३ कि.मि.) ४ लेनमा स्तरोन्नति गर्ने कार्य | ११३ कि.मि. सडक ४ लेन मा स्तरोन्नति गर्ने कार्य मध्ये ७८ कि.मि. कालोपत्रे सम्पन्न भएकोमा थप ३० कि.मि. कालोपत्रे सम्पन्न भएको हुने । | कार्तिक(८१), मङ्सिर(८४), पुस(८६), माघ(८८), फागुन(९२), चैत्र(९८), बैशाख(१०३), जेठ(१०८), असार(११३) | कि.मी. | सम्बन्धित निर्माण ब्यबसायीबाट मंगसिर मसान्तसम्म ८६ कि.मि. कालोपत्रे निर्माणको कार्य सम्पन्न गर्नुपर्ने लक्ष्य रहेकोमा हालसम्म ९०.१ कि.मि. ४ लेनमा र १०३ कि.मि. २ लेनमा कालोपत्रे निर्माणको कार्य सम्पन्न भएको । |
| P100P101P103 | B246B250 | बुटवल-गोरूसिंङ्गे-चन्द्रौटा सडक (६९ कि.मि.) ४ लेनमा स्तरोन्नति गर्ने कार्य | ५० कि.मि. सडक ४ लेनमा स्तरोन्नति गर्ने कार्य मध्ये थप २५ कि.मि. Embankment Filling कार्य सम्पन्न भएको हुने । | पुस(१२), माघ(१६), फागुन(२०), चैत्र(२५), बैशाख(२९), जेठ (३३), असार(३५) | कि.मी. | पुष महिना सम्ममा १२ कि.मि. Embankment Filling कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा हालसम्म १० कि.मि. खण्डमा Embankment Filling भर्ने कार्य भएको। |
| | | | १० कि.मि. सडकमा सबबेस गर्ने कार्य सम्पन्न भएको हुने । | पुस(२), माघ(४), फागुन(६), चैत्र(८), बैशाख(१०) | कि.मी. | पुष महिनासम्ममा २ कि.मि. सडकमा सबबेस गर्ने लक्ष्य रहेकोमा हालसम्म कार्य शुरू नभएको |
| P101 | B252 | पुष्पलाल (मध्यपहाडी) राजमार्ग (१८७९ कि.मि.) को विभिन्न खण्ड कालोपत्रे गर्ने तथा पुल निर्माण गर्ने कार्य। | कुल १८७९ कि. मि. लम्बाई मध्ये १५०० कि.मि. कालोपत्रे सडक निर्माण भएकोमा थप ७५ कि.मि. निर्माण भई कुल १५७५ कि.मि. कालोपत्रे सडक निर्माण भएको हुने । | पुस(१५०५), माघ(१५१९), फागुन(१५३६), चैत्र(१५४३), बैशाख(१५६०), जेठ(१५७०), असार(१५७५) | कि.मी. | आ.व. २०८१/८२ को असार मसान्त सम्ममा १५०० कि.मि. कालोपत्रे सम्पन्न भएकोमा यस आ.व. को पुष महिनासम्ममा थप २९.०६ कि.मि. कालोपत्रे सडक निर्माण भै कुल १५२९.०६ कि.मि. कालोपत्रे भएको। |
| | | | ११४ वटा पुल निर्माण भएकोमा थप ६ वटा पुल निर्माण भई १२० वटा पुल निर्माण भएको हुने | पुस(११५), माघ(११६), फागुन(११७), चैत्र(११८), बैशाख(११९), जेठ(१२०) | संख्या | आ.व. २०८१/८२ को असार मसान्त सम्ममा ११४ वटा पुल निर्माण भएकोमा यस आ.व. को पुससम्म थप पुल निर्माण नभएको |
| P101 | B253 | हुलाकी राजमार्ग (१८५७ कि.मि.) को विभिन्न खण्ड कालोपत्रे गर्ने तथा पुल निर्माण गर्ने कार्य । | १३३५ कि.मि. कालोपत्रे सडक निर्माण भएकोमा थप ७६ कि.मि. निर्माण | पुस(१३४०), माघ(१३५५), फागुन(१३६४), चैत्र(१३७६), | कि.मी. | आ.व. २०८१/८२ को असार सम्ममा १३५१.८ कि.मि. सडक कालोपत्रे सम्पन्न भएकोमा यस आ.व. को |

| नीति बुदा न. | बजेट बुदा न. | क्रियाकलाप | माइल्स्टोन | लक्षित महिनाहरू | इकाई | प्रगति |
|---|---|---|---|---|---|---|
| | | | भई कुल १४११ कि.मि. कालोपत्रे सडक निर्माण भएको हुने । | बैशाख(१३८८), जेठ(१३९९), असार(१४११) | | पुससम्म २८.९ कि.मि. थप भई कुल १३८०.७ कि.मि. कलोपत्रे सडक निर्माण भएको |
| | | | १५१ वटा पुल निर्माण भएकोमा थप १३ वटा पुल निर्माण भई १६४ वटा पुल निर्माण भएको हुने | मंसिर(१५२), फागुन(१५८), बैशाख(१५९), जेठ(१६३), असार(१६४) | संख्या | आ.व.२०८१/८२ को असार मसान्त सम्ममा १५१ वटा पुलको निर्माण सम्पन्न भएकोमा यस आ.व. को मङ्सिर महिनामा थप २ वटा पुल निर्माण सम्पन्न भै कुल १५३ वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ । |
| P101B257 | B258 | कोशी कोरिडोर (१६२ कि.मि.) अन्तर्गत सडक स्तरोन्नति गर्ने कार्य । | बरुण देखि च्याम्ताङ सम्मको सडक खण्डको ५ कि.मि ग्राभेल स्तरमा स्तरोन्नति गरिने । | पुस(१), माघ(२), फागुन(३), चैत्र(४), बैशाख(५) | कि.मी. | स्ट्रकचरको काम भइरहेको |
| P101 | B257B258 | कालीगण्डकी कोरिडोर (गैडाकोट-राम्दी-मालढुङ्गा) - २४५ कि.मि. तथा कालिगण्डकी लोकमार्ग (मिर्मि सेतिबेणी फलेबास अर्मादी) - ५३ कि.मि. अन्तर्गत सड्क स्तरोन्नति गर्ने कार्य (जम्मा २९८ कि.मि.) । | २३४ कि.मि. कालोपत्रे सडक निर्माण भएकोमा थप 20 कि.मि. निर्माण भई कुल २54 कि.मि. कालोपत्रे सडक निर्माण भएको हुने । | फागुन(२३८), चैत्र(२४५), बैशाख(२५०), जेठ(२५४) | कि.मी. | कालोपत्रे गर्नु भन्दा अगाडिको कार्य भइरहेको |
| P102 | B257B259 | कालीगण्डकी कोरिडोर (मालढुङ्गा - बेनी - जोमसोम कोरोला सडक २०२ कि.मि. खण्ड) अन्तर्गत सड्क स्तरोन्नति गर्ने कार्य । | ८७ कि.मि. कालोपत्रे सडक निर्माण भएकोमा थप 15 कि.मि. निर्माण भई कुल 93 कि.मि. कालोपत्रे सडक निर्माण भएको हुने । | माघ(८०), फागुन(८३), चैत्र(८६), बैशाख(८९), जेठ(९३) | कि.मी. | कालोपत्रे गर्नु भन्दा अगाडिको कार्य भइरहेको |
| P101 | B257B258 | कर्णाली कोरिडोर (१४६ कि.मि.) अन्तर्गत सडक स्तरोन्नति गर्ने कार्य । | १० कि. मि. ट्र्याक चौडा गर्ने कार्य सम्पन्न भएको हुने । | भदौ(१), असोज(२), कार्तिक(३), फागुन(५), चैत्र(७), बैशाख(९), जेठ(१०) | कि.मी. | हेप्का देखि लाग्ना सडक खण्डमा ४ कि.मि. सडक चौडा गर्ने कार्य सम्पन्न भएको । |
| | | | १५ कि. मि. ग्राभेल गर्ने कार्य सम्पन्न भएको हुने । | भदौ(२), असोज(४), फागुन(८), चैत्र(१०), बैशाख(१२), जेठ(१५) | कि.मी. | ईलिङ्ग देखि च्याछरा सडक खण्डमा २.५ कि.मि. ग्राभेल गर्ने कार्य सम्पन्न भएको |
| P101 | B257B258 | कर्णाली कोरिडोर (१२३ कि.मि.) अन्तर्गत सडक स्तरोन्नति गर्ने कार्य । | १५ कि. मि. ट्र्याक चौडा गर्ने कार्य सम्पन्न भएको हुने । | कार्तिक(१), मंसिर(३), पुस(६), माघ(७), फागुन(९), चैत्र(११), बैशाख(१३), जेठ(१५) | कि.मी. | भौगोलिक विकटताका कारण कार्य सुरु हुन नसकेको |

| नीति बुदा न. | बजेट बुदा न. | क्रियाकलाप | माइल्स्टोन | लक्षित महिनाहरू | इकाई | प्रगति |
|---|---|---|---|---|---|---|
| | | | १५ कि. मि. ग्राभेल सडकमा स्तरोन्नति भएको हुने । | कार्तिक(१), मंसिर(२), पुस(४), माघ(६), फागुन(८), चैत्र(१०), बैशाख(१२), जेठ(१५) | कि.मी. | भौगोलिक विकटताका कारण कार्य सुरु हुन नसकेको । |
| P102 | B262 | तमोर कोरिडोरको चतरा - मुलघाट - सुभांगखोला - दोभान - ओलांगचुंगगोला सडक खण्ड (११२ कि.मि.) स्तरोन्नति गर्ने कार्य । | २१ कि.मि. ग्राभेल सडक निर्माण भएकोमा अगामी आ.व. मा सुभांगखोला देखि इलाडांडा सम्मको सडक खण्ड स्तरोन्नती गर्ने, ४ कि.मि ग्राभेल सडक निर्माण गरिने । | मंसिर(२१), पुस(२२), माघ(२३), फागुन(२४), चैत्र(२५) | कि.मी. | तमोर कोरिडोर सडक अन्तर्गत पौष महिनामा १ कि.मि. सव वेश (ग्राभेल) कार्य भएको । साथै सडक चौडा कार्य, टेवा पर्खाल, हयूम पाईप कल्भर्ट, बक्स कल्भर्ट, सडक स्तरोन्नतीको कार्य संचालनमा रहेको छ । |
| | | भेरी करिडोर (२२७ कि.मि.) को जाजरकोट-दुनै-मरिम, तिन्जे-धो खण्ड कालोपत्रेस्तरमा स्तरोन्नति कार्य । | १० कि. मि. ग्राभेल सडकमा स्तरोन्नति भएको हुने । | असोज(१), कार्तिक(२), मंसिर(३), पुस(४), माघ(५), फागुन(६), चैत्र(७), बैशाख(८), जेठ(९), असार(१०) | कि.मी. | हाल योजना कार्यालय र निर्माण व्यवसायीबाट साईटको ज्वाईन्ट सर्भे गरी रिपोर्ट प्राप्त भइसकेकोले निर्माण कार्य शुरु हुने क्रममा रहेको । |
| | B259 | मदन भण्डारी राजमार्गको विभिन्न खण्डहरुमा (७६० कि.मि.) कालोपत्रे गर्ने, पुल निर्माण गर्ने कार्य। | ३६५ कि.मि. कालोपत्रे सडक निर्माण भएकोमा थप ३० कि.मि. निर्माण भई कुल ३९५ कि.मि. कालोपत्रे सडक निर्माण भएको हुने । | मङ्सिर(३६८), पुस(३७०), माघ(३७२), फागुन(३७७), चैत्र(३८२), बैशाख(३८७), जेठ(३९२), असार(३९५) | कि.मी. | यस आ.व.को पुससम्म १९.८ कि.मि. थप भई कुल ३८४.८ कि.मि. कालोपत्रे सडक निर्माण भएको |
| | | | १४४ वटा पुल निर्माण कार्य सम्पन्न भएकोमा थप २ वटा पुल सम्पन्न भई कुल १४६ वटा पुल निर्माण कार्य सम्पन्न भएको हुने । | पुस(१४५), चैत्र(१४६) | सङ्ख्या | यस आ.व. को पुस सम्म थप १ वटा पुल निर्माण भई कुल १४५ वटा पुल निर्माण सम्पन्न भएको |
| P102 | B000 | नागढुंगा-नौविसे- मुग्लिङ्ग सडक (९५ कि.मि.) स्तरोन्नति कार्य। | नागढुंगा-नौबिसे-मुग्लिङ खण्ड स्तरोन्नति गर्ने कार्य मध्ये ३५ कि.मि. कालोपत्रे सडक निर्माण भएकोमा थप ३५ कि.मि. सडक स्तरोन्नति भई कुल ७० कि.मि. कालोपत्रे सडक निर्माण भएको हुने । | मङ्सिर(३७), पुस(३९), माघ(४१), फागुन(४३), चैत्र(५६), बैशाख(६५), जेठ(७०) | कि.मी. | पुष महिना सम्ममा ३९ कि.मि. कालोपत्रे सडक निर्माण गर्ने लक्ष्य रहेकोमा ३९.१८ कि.मि. कार्य भएको। 1st / 2nd Layer DBM भईसकेको खण्डमा अर्को Layer DBM थप गर्ने कार्य भईरहेको । |

| नीति बुदा न. | बजेट बुदा न. | क्रियाकलाप | माइल्स्टोन | लक्षित महिनाहरू | इकाई | प्रगति |
|---|---|---|---|---|---|---|
| P102 | B263 | कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-खुलालु-कालीकोट-जुम्ला सडक सुधार कार्य | कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-खुलालु-कालीकोट-जुम्ला सडकको ५ कि.मि सुधार कार्य सम्पन्न भएको हुने । | | कि.मी. | कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-खुलालु-कालीकोट-जुम्ला सडकको १ कि.मि सुधार कार्य सम्पन्न भएको । |
| | B263 | राष्ट्रिय राजमार्ग, रणनीतिक सडक तथा स्थानिय सडक अन्तर्गत थप १२० वटा पुल निर्माण सम्पन्न गर्ने कार्य । | राष्ट्रिय राजमार्ग, रणनीतिक सडक पुल तथा स्थानिय सडक पुल अन्तर्गत १२० वटा पुल निर्माण कार्य सम्पन्न भएको हुने । | मङ्सिर(३५१०), पुस(३५३०), माघ(३५६०), फागुन(३५९०), चैत्र(३६१०), बैशाख(३६१५), जेठ(३६२०) | | आ.व. २०८१/८२ असारसम्म ३५३७ पुल सम्पन्न भएकोमा आ.व. २०८२/८३ को पुससम्म थप २२ वटा पुल निर्माण भई जम्मा ३५५९ पुल निर्माण सम्पन्न भएको |
| P103 | B247B277 | सिस्नेखोला - नागढुंगा सुरुङमार्ग निर्माण कार्य। | सिस्नेखोला-नागढुंगा सुरुङमार्ग निर्माण कार्य सम्पन्न भएको हुने । | पुस(१) | पटक | सुरुङ मार्गको पश्चिम पोर्टलमा गत बर्षातको कारण पहिरो थप जोखिम युक्त भएकोमा त्यसको न्यूनिकरणको लागि थप कार्य भइरहेको |
| | | सिद्धबाबा सुरुङ मार्गको निर्माण कार्य। | सिद्धबाबा सुरुङ्ग मार्गको मुख्य सुरुंगको कंक्रिट लाइनिंग गर्ने कार्य सम्पन्न भएको हुने। | श्रावन(७५०), भदौ(७९५), असोज(८४०), कार्तिक(८९५), मंसिर(९४५), पुस(१०१०), माघ(१०४५), फागुन(१०९५), चैत्र(११०५), बैशाख(११२६) | मिटर | सिद्धबाबा सुरुङ्ग मार्गको मुख्य सुरुंग (११२६ मिटर) को कंक्रिट लाइनिंग गर्ने कार्य सम्पन्न भएको, भौतिक प्रगतिः ६२.७९% |
| | B265 | सडक सुरक्षा अभिवृद्धिको लागि राष्ट्रिय राजमार्गहरुमा क्र्यास बेरियर निर्माण गर्ने कार्य । | विभिन्न राष्ट्रिय राजमार्गहरुमा २० कि.मि. क्र्यास बेरियर निर्माण गर्ने कार्य । | मंसिर(२), पुस(५), माघ(८), फागुन(११), चैत्र(१४), बैशाख(१६), जेठ(१८), असार(२०) | कि.मी. | विभिन्न राष्ट्रिय राजमार्गहरुमा ५ कि.मि. क्र्यास बेरियर निर्माण गर्ने कार्य सम्पन्न । |
| | B264 | निर्माणाधीन निर्वाचन क्षेत्र रणनीतिक सडकको निर्माण सम्पन्न गर्ने कार्य | ३० वटा निर्वाचन क्षेत्र रणनीतिक सडक सम्पन्न भएकोमा थप १३० वटा निर्वाचन क्षेत्र सडक निर्माण सम्पन्न भएको हुने । | मंसिर(४०), पुस(५०), माघ(६०), फागुन(८०), चैत्र(१००), बैशाख(११५), जेठ(१३५), असार(१६०) | संख्या | ३७ वटा निर्वाचन क्षेत्र सडक निर्माण सम्पन्न भएको । |
| P100P101P103 | B246B250 | नारायणी नदीमा सिग्नेचर पुल (४२० मि.) निर्माण कार्य | डिजाईन स्वीकृत भएको हुने । | मङ्सिर(१) | पटक | नारायणी नदीमा सिग्नेचर पुल निर्माण गर्न Design स्वीकृत भई निर्माण कार्य शुरु भएको |
| P100P101P103 | B246B250 | राष्ट्रिय राजमार्गहरुको आवधिक मर्मत कार्य । | १०० कि.मि. राष्ट्रिय राजमार्गहरुको आवधिक मर्मत सम्पन्न भएको हुने । | मङ्सिर(५), पुस(१०), माघ(१५), फागुन(४०), चैत्र(६०), बैशाख(८०), जेठ(१००) | कि.मी. | १० कि.मि. राष्ट्रिय राजमार्गहरुको आवधिक मर्मत कार्य सम्पन्न भएको । |
| रेल यातायात तर्फ | | | | | | |

| नीति बुदा न. | बजेट बुदा न. | क्रियाकलाप | माइल्स्टोन | लक्षित महिनाहरू | इकाई | प्रगति |
|---|---|---|---|---|---|---|
| P100 | B273 | बर्दिवास निजगढ ( चोचा ) खण्डमा रेलवे ट्र्याकवेड निर्माण गर्ने कार्य | बर्दिवास निजगढ खण्डको ट्र्याकवेड निर्माण ७० कि.मि. मध्ये हाल सम्म सम्पन्न ६8 कि.मि. मा थप 2 कि.मि. सम्पन्न भएको हुने। | चैत्र(६९), जेठ(७०) | कि.मी. | आ.व.२०८१/८२ असारसम्म ६८.६१ कि.मि. ट्र्याक वेड सम्पन्न भएकोमा चालु आ.व. को पुससम्म थप ०.३ कि.मि थप भई हालसम्म ६८.९ कि.मि. ट्र्याक वेड सम्पन्न भएको । |
| यातायात व्यवस्था तर्फ | | | | | | |
| P105 | B269 | नयाँ Electronic Driving License (EDL) विकास र जडान कार्य | बोलपत्र स्वीकृत गरी कार्यदेश दिने। | मंसिर(१) | पटक | software सम्बन्धी अध्ययन कार्य भईरहेको । |
| P105 | B269 | स्मार्ट कार्ड Back log छपाई व्यवस्थापन | 6 लाख स्मार्टकार्ड छपाई गरी वितरण भएको हुने। | श्रावन(४१.१), भदौ(४१.६), असोज(४२.१), कार्तिक(४२.६), मंसिर(४३.१), पुस(४३.६), माघ(४४.१), फागुन(४४.६), चैत्र(४५.१), बैशाख(४५.६), जेठ(४६.१), असार(४६.६) | संख्या (प्रति लाख) | Gen Z आन्दोलनमा भएको आगजनीका कारण नेटवर्किङ्ग, सर्भर र छपाई मेशिन पूर्ण रुपमा क्षति भई हाललाई छपाई तथा वितरण कार्य स्थगित भएको। |
| P105 | | ईम्बोस्ड नम्बर प्लेटको उत्पादन तथा वितरण कार्य | ईम्बोस्ड नम्बर प्लेटको उत्पादन भएको हुने। | श्रावन(७२०), भदौ(७४०), असोज(७६०), कार्तिक(७८०), मंसिर(८००), पुस(८२०), माघ(८४०), फागुन(८६०), चैत्र(८८२), बैशाख(९०४), जेठ(९२७), असार(९५०) | संख्या (प्रति हजार) | पुस मसान्त सम्म ८२० हजार थान इम्बोस्ड नम्बर प्लेट उत्पादन गर्ने लक्ष्य रहेकोमा हाल सम्म ८३१ हजार थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएको। |
| जल यातायात तर्फ | | | | | | |
| P103 | B231 | सप्तकोशी नदी र यसका सहायक नदीहरुमा जलयान संचालन गर्न अवरोध हटाउने | वोलपत्र आव्हान भएको हुने | माघ(१) | पटक | |
| P100 | B276 | विश्वभर छरिएका नेपाली नावीकहरुको सरोकारवाला निकायसंग समन्वय गरि एकिकृत डाटावेस तयार गर्ने | डाटा इन्ट्री भएको हुने | श्रावन(१), भदौ(२), असोज(३), कार्तिक(४), मंसिर(५), पुस(६), माघ(७), फागुन(८), चैत्र(९), बैशाख(१०), जेठ(११), असार(१२) | पटक | काम भइरहेको |

## क्षत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगतिको अवस्था

| क्र.स. | कामको विवरण | इकाइ | बार्षिक लक्ष्य | प्रगतिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालोपत्रे सडक (दुई लेन) | कि.मी. | ८०० | ३०३.४ | |
| २ | कालोपत्रे सडक (चार लेन र चार लेनभन्दा बढी) | कि.मी. | १०८.५ | ४८.३ | |
| ३ | पुल निर्माण | वटा | १६२ | ६६ | |
| ४ | रेल मार्ग (ट्र्याकवेड निर्माण) | कि.मी. | १.३९ | ०.३ | |
| ५ | सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण | संख्या (लाखमा) | ६ | ०.१८०६५ | |
| ६ | इम्बोस्ड नम्बर प्लेट उत्पादन | संख्या (हजारमा) | २५० | ८७.०१४ | |
| ७ | रोजगारी सिर्जना | कार्यदिन (हजारमा) | ३६५० | ६३० | |
| ८ | पुँजीगत खर्च | प्रतिशत | १०० | १६.८७ | |
| ९ | गुनासो फछ्यौंट | प्रतिशत | १०० | २०.१६ | |

## राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०८१/८२ को अवस्था

| सि.नं | आयोजना को नाम | क्षेत्रफल/लम्बाई/प्रभावित क्षेत्र | अवस्थित जिल्ला/प्रदेश | आयोजना सुरु भएको बर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजना को संसोधित लागत | आ.व. २०८१/८२ सम्मको खर्च | मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना | कुल लम्बाई — १८७९ कि.मि. (पूर्वको पाँचथर जिल्लाको चिवाभन्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म) | विभिन्न २६ जिल्लाहरू हुँदै जाने | २०६४/६५ | ३३.३६ अर्ब | ८४.३३ अर्ब | ७१.१० अर्ब | १५१०.८६ कि.मि. कालोपत्रे सडक निर्माण, १११ वटा पुल निर्माण |
| २ | हुलाकी राजमार्ग आयोजना | कुल लम्बाई — १८५७ कि.मि. (९७५ कि.मि. पूर्व-पश्चिम, ८८२ कि.मि. उत्तर-दक्षिण) | पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कञ्चनपुरको दैजीसम्म तराई-मधेशका जिल्ला | २०६६/६७ | ६५.२४ अर्ब | १ खर्ब १ अर्ब ६३ करोड | ७०.२९ अर्ब | १३५१ कि.मि. कालोपत्रे सडक निर्माण, १५१ वटा पुल निर्माण |

| सि.नं | आयोजनाको नाम | क्षेत्रफल/लम्बाई/प्रभावित क्षेत्र | अवस्थित जिल्ला/प्रदेश | आयोजना सुरु भएको बर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संसोधित लागत | आ.व. २०८१/८२ सम्मको खर्च | मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | सदरमुकाम जोड्ने | | | | | |
| ३ | उत्तर दक्षिण कोशी कोरिडोर | कुल लम्बाई — १६२ कि.मि. (खाँदबारी-किमाथांका) | संखुवासभा | २०६५/६६ | ११.९३ अर्ब | १६.२० अर्ब | ६.६८ अर्ब | १६२ कि.मि. ट्र्याक निर्माण, १५ कि.मि. कालोपत्रे सडक निर्माण, १० वटा पुल निर्माण |
| ४ | उत्तर दक्षिण कालिगण्डकी कोरिडोर | कुल लम्बाई — ४४२ कि.मि. | नवलपुर जिल्लाको गैडाकोटदेखि मुस्ताङ जिल्लाको कोरला नाकासम्म | २०६६/६७ | ३०.५७ अर्ब | ३०.५७ अर्ब | २२.२७ अर्ब | ४९५ कि.मि. ट्र्याक निर्माण, ८७ कि.मि. ग्राभेल सडक निर्माण, ३१५ कि.मि. कालोपत्रे सडक निर्माण, ५१ वटा पुल निर्माण |
| ५ | उत्तर-दक्षिण कर्णाली कोरिडोर | कुल लम्बाई — ६८२ कि.मि. | नेपालगञ्जको जमुनाह नाकादेखि हुम्लाको सिमाना हिल्सासम्म जोड्ने | २०६९/७० | १८.६६ अर्ब | १८.६६ अर्ब | २.७६ करोड | २६८.८ कि.मि. ट्र्याक निर्माण, ७३ कि.मि. ग्राभेल सडक निर्माण, ३१५ कि.मि. कालोपत्रे सडक निर्माण, ३ वटा पुल निर्माण |
| ६ | मेचि महाकाली ( पुर्व पश्चिम ) विध्युतिय रेलमार्ग बर्दिबास निजगढ खण्ड | कुल १००३ कि.मि.मध्ये कार्यान्वयन भईरहेको ७० कि.मि. | प्रदेश नं २ महेत्तरी, सर्लाही र रौतहट | २०६६।०६७ | ९५५ अर्ब (२०७६, मेचि महाकाली) ७० अर्ब ६२ करोड (२०७६, बर्दिवास निजगढ ) | बजेट विनियोजमा भर पर्ने । | ३२ अर्ब ९५ करोड (मुआब्जा,परामर्श, चालु खर्च समेत) | ६८ कि मि रेलवे ट्र्याकवेड तथा १६ वटा रेलपुलहरु सम्पन्न |

## राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०८२/८३ को अर्धवार्षिक प्रगतिको अवस्था

| सि.नं | आयोजनाको नाम | क्षेत्रफल/लम्बाई/प्रभावित क्षेत्र | अवस्थित जिल्ला/प्रदेश | आ.व. २०८२/८३ को विनियोजन | २०८२ पौषसम्मको खर्च | हालसम्मको भौतिक प्रगति | चालु आ.व.को बाँकी अवधिमा हुने भौतिक प्रगति अनुमान |
|---|---|---|---|---|---|---|---|
| १ | पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना | कुल लम्बाई — १८७९ कि.मि. (पूर्वको पाँचथर जिल्लाको चिवाभन्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म) | विभिन्न २६ जिल्लाहरू हुँदै जाने | ३ अर्ब ९४ करोड ३५ लाख | ७९ करोड २६ लाख २१ हजार (२०%) | २०.००% | ९९.००% |
| २ | हुलाकी राजमार्ग आयोजना | कुल लम्बाई — १८५७ कि.मि. (९७५ कि.मि. पूर्व-पश्चिम, ८८२ कि.मि. उत्तर-दक्षिण) | पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कञ्चनपुरको दैजीसम्म तराई-मधेशका जिल्ला सदरमुकाम जोड्ने | ३ अर्ब ५६ करोड ४२ लाख | १ अर्ब २६ करोड ८२ लाख २० हजार (३८%) | ४१.००% | १००.००% |
| ३ | उत्तर दक्षिण कोशी कोरिडोर | कुल लम्बाई — १६२ कि.मि. (खाँदबारी-किमाथांका) | संखुवासभा | | | | |
| ४ | उत्तर दक्षिण कालिगण्डकी कोरिडोर | कुल लम्बाई — ४४२ कि.मि. | नवलपुर जिल्लाको गैडाकोटदेखि मुस्ताङ जिल्लाको कोरला नाकासम्म | ३ अर्ब ७४ करोड ३३ लाख | ८९ करोड ९० लाख १८ हजार (२४%) | २४.००% | ७०.००% |
| ५ | उत्तर-दक्षिण कर्णाली कोरिडोर | कुल लम्बाई — ६८२ कि.मि. | नेपालगञ्जको जमुनाह नाकादेखि हुम्लाको सिमाना हिल्सासम्म जोड्ने | | | | |
| ६ | मेचि महाकाली ( पुर्व पश्चिम ) विध्युतिय रेलमार्ग बर्दिबास निजगढ खण्ड | कुल १००३ कि. मि.मध्ये कार्यान्वयन भईरहेको ७० कि. मि. | प्रदेश नं २ महेत्तरी, सर्लाही र रौतहट | २ अर्ब ७२ करोड ६१ लाख | २२ करोड २७ लाख ५८ हजार | १०.००% | १००.००% |